नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

**स्थानीयस्तर खरिद अनुगमन तथा गुनासो व्यवस्थापन शाखा**
रेडक्स मार्ग, ताहाचल, काठमाडौं, नेपाल

पत्र सं.०७३/७४
च.नं. ६६८

मितिः २०७३।०९।१२

विषयः बोलपत्र सम्बन्धमा ।

श्री सडक विभाग, ववरमहल काठमाण्डौ, हाल चाकुपाट ललितपुर
श्री सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, हलचोक काठमाण्डौ ।

प्रस्तुत विषायमा सार्वजनिक खरिद नियमावली २०६४, मिति २०७३।९।४ मा चौथो संशोधन भई कार्यान्वयनमा रहेको । उक्त संशोधनबाट खासगरी दुई करोड देखि एक अर्व सम्मको निर्माण कार्यको खरिद प्रकृयामा एक चरण दुई खाम प्रणाली बमोजिम खरिद गर्नुपर्ने बाद्यात्मक व्यवस्था गरिएकोले नियमावली संशोधन पूर्व आह्वान भएका र वोलपत्र दाखिला गर्ने समयावधि बाँकी रहेका वोलपत्रमा नियमावलीमा भएको संशोधनलाई समावेश गरी कसरी खरिद प्रकृया अगाडि बढाउने सम्बन्धमा तहाँ कार्यालयबाट सोधनि भएकोमा निम्न तथ्यलाई समेत विचार गरी तहाँ कार्यालयबाटै निर्णय हुन अनुरोध गरिन्छ ।

क) दुई करोड भन्दा कम रकमको निर्माण कार्यको खरिदको हकमाः
दुई करोड भन्दा कम रकमको निर्माण कार्यको खरिद सम्बन्धमा संशोधित नियमावलीमा खास ठूलो परिवर्तन नभएको र नियमावलीमा संशोधन भएका विषयलाई वोलपत्र सम्बन्धी कागजातमा संशोधन मार्फत पनि सजिलै संवोधन गर्न सकिने साथै e-Bidding System पनि थप कुनै सुधार गर्नु पर्ने नदेखिएकोले नियमावलीमा भएको चौथो संशोधन बमोजिम हुनेगरी वोलपत्र सम्बन्धी कागजातमा आवश्यक संशोधन गरी वोलपत्रको प्रकृयालाई नियमानुसार अगाडि बढाउन उपयुक्त हुने ।

ख) दुई करोड भन्दा बढीको खरिदको हकमाः
दुई करोड भन्दा बढीको निर्माण कार्यको खरिदको हकमा खरिद विधिमा नै परिवर्तन भएको र वोलपत्र सम्बन्धी कागजातमा संशोधनबाट मात्रै नियमावलीमा भएको संशोधनलाई समावेश गर्न सकिने अवस्था नदेखिएको साथै e-Bid को लागि e-Bidding System मा पनि केही सुधारको आवश्यकता देखिएकोले नियमावली संशोधन पूर्व वोलपत्र आह्वान भई वोलपत्र दाखिला अवधि बाँकी रहेका वोलपत्रहरु रद्द गरि संशोधित नियमावली वमोजिम खरिद प्रकृया पुनः अगाडि बढाउन उपयुक्त हुने ।

संशोधित नियमावली वमोजिम हुने गरी यस कार्यालयबाट तयार गरिएको नमुना बोलपत्र कागजात यस कार्यालयको वेभ साईटमा उपलव्ध छ ।

..........................
(राम चन्द्र शर्मा)